लुम्बिनी प्रदेश सरकार

# कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ५ (३) र सूचनाको हकसम्बन्धी नियमावली २०७६ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

**आ.व. २०८२।८३ चौथौ त्रैमासिक (वि.सं. २०८३ बैशाख देखि २०८३ असार मसान्त सम्म)**

## १. निकायको स्वरूप र प्रकृतिः

### पृष्ठभूमि

मिति २०७४ साल फाल्गुण ३ गते प्रदेश राजपत्रमा प्रकाशित तत्कालीन प्रदेश नं. ५, प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको रुपमा यस मन्त्रालय स्थापना भएको थियो । सो पश्चात पनि विभिन्न मितिमा यस मन्त्रालयको नाम तथा जिम्मेवारीमा हेरफेर भएकोमा प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ (पाचौं संसोधन २०८१) बमोजिम यस मन्त्रालयको नाम कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय कायम भई हालसम्म सोहि रुपमा रहेको छ।

कृषि, पशुपन्छी, मत्स्य, खाद्य प्रविधि, भूमि व्यवस्था तथा सहकारीसँग सम्बन्धित कार्यजिम्मेवारी यस मन्त्रालयको मुख्य जिम्मेवारीको रुपमा रहेको छ। यस मन्त्रालयले "समृद्ध लुम्बिनी, आत्मनिर्भर प्रदेश" बनाउने आकांक्षालाई अङ्गीकार गर्दै कृषि, पशुपन्छी, मत्स्य, खाद्य प्रविधि, सहकारी तथा भूमि क्षेत्रको वैज्ञानिक व्यवस्थापन, विकास तथा प्रवर्द्धनको अभिभारा लिएको छ। देशको ५७.६ प्रतिशत जनसङ्ख्या आबद्ध भएको र प्रदेशको कूल ग्राहस्थ उत्पादनमा २९.६ प्रतिशत योगदान रहेको कृषि क्षेत्र उच्च र दिगो आर्थिक समृद्धि हासिल गर्ने मूल आधार हो। कृषि क्षेत्रमा प्रचुर सम्भावना भएको यस प्रदेशमा तराई र भित्री मधेस सहित करिब एक तिहाइ खेतीयोग्य भूमि रहेको अवस्थामा उपलब्ध भूमिको वैज्ञानिक ढंगले समुचित प्रयोग गरी कृषि र कृषिजन्य उद्योगको विकास गर्नुपर्ने आवश्यकता छ। प्रदेशको दोस्रो आवधिक योजनाले कृषि उत्पादनका क्षेत्रमा आत्मनिर्भर बनाई निर्यात मूलक अवस्थामा पुर्‍याउने सोच अनुरूप नै यस क्षेत्रलाई आर्थिक समृद्धि हासिल गर्ने मूल आधारको रुपमा विशेष प्राथमिकतामा राखिएको छ। उपलब्ध श्रम र सीपको पहुँच विस्तार गरी रोजगारी सिर्जना गर्दै कृषिमा आधुनिकीकरण, व्यवसायीकरण र यान्त्रिकीकरणका माध्यमबाट कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने लक्ष्य रहेको छ।

### दीर्घकालीन सोच

प्रदेशको समग्र कृषि क्षेत्रको विकास तथा भू-उपयोग नीतिलाई आत्मसात गर्दै कृषि एवं पशुपन्छीजन्य उत्पादन/उत्पादकत्वको दिगो वृद्धि, यान्त्रिकीकरण, व्यावसायिकीकरण, बजारीकरण, विविधिकरण र आधुनिकीकरणका माध्यमबाट तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक अवस्थाको सृजना गरी यस क्षेत्रको रूपान्तरण गर्दै खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता र रोजगारीको अवसर सृजना गर्ने।

### लक्ष्य

भूमिको वैज्ञानिक व्यवस्थापन र भू-उपयोगका माध्यमबाट कृषि क्षेत्रसँग सम्बन्धित सरोकारवालाहरू परिचालन गरी प्रदेशको कृषि एवं पशुपन्छीजन्य उत्पादन र उत्पादकत्व वृद्धि गरी स्वच्छ, स्वस्थ र गुणस्तरीय खाद्य वस्तुको आपूर्तिमा आत्मनिर्भरता हासिल गरी यस क्षेत्रको उत्पादनलाई निर्यातयोग्य अवस्थामा पुर्‍याउने।साथै

सहकारीका सिद्धान्त, मूल्य र मान्यता अनुसार प्रदेश सरकारको क्षेत्राधिकार सहकारी संघ/संस्थाको विकास गर्ने।

**२. निकायको काम, कर्तव्य र अधिकारः**

**कार्यक्षेत्र**

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ (पाचौं संसोधन २०८१) बमोजिम यस मन्त्रालयको कार्य जिम्मेवारीहरू देहाय बमोजिम रहेका छन्:

- कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी प्रादेशिक नीति, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन।
- कृषि तथा पशुपन्छीजन्य रोग, कीरा एवं महामारी नियन्त्रण।
- कृषि औधोगिकीकरण र पशुपन्छीजन्य उद्योग व्यवसायको विकास तथा प्रवर्द्धन।
- कृषि तथा पशुपन्छी यान्त्रिकीकरण र उन्नत औजार विकास तथा विस्तार।
- कृषि तथा पशुरोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन तथा कृषि तथा पशुपन्छी सम्बन्धी अनुसन्धान एवं विकास।
- कृषि उपज, कृषिजन्य वस्तु, पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशुपन्छी उत्पादन सामग्री तथा बीउ बिजन एवं नस्ल सम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, सम्बद्धता निर्धारण, स्तरीकरण, प्रमाणीकरण र नियमन।
- प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता, खाद्य गुणस्तर।
- खाद्य प्रविधि सम्बन्धी अध्ययन, अनुसन्धान एवम् विकास तथा प्रवर्द्धन, तथ्याङ्क प्रणालीको व्यवस्थापन र स्रोत संरक्षण एवम् जैविक प्रविधिको विकास र विस्तार।
- कृषि मल, बीउ, विषादी, आपूर्ति व्यवस्था तथा नियमन, रैथाने बाली बस्तुको संरक्षण र प्रवर्द्धन।
- कृषि प्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तिकरण।
- कृषिउपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन सहजीकरण गर्ने।
- कृषि तथा पशुपन्छी बीमा सम्बन्धी नीति तथा योजना तर्जुमा र सहजीकरण गर्ने।
- कृषि बजार, पूर्वाधार र कृषि फार्म केन्द्रहरूको विकास, विस्तार तथा सञ्चालन।
- राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेट नियमन।
- सामूहिक खेती तथा कृषि करार खेतीको कार्यान्वयन र प्रवर्द्धन।
- चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीति तर्जुमा, कार्यान्वयन र नियमन।
- कृषिजन्य र पशुपन्छीजन्य औषधी, विषादी र सूक्ष्म पोषण युक्त वस्तुको उपयोग र व्यवस्थापन सम्बन्धी प्रादेशिक नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन तथा उत्पादन, उपयोग र बिक्री वितरणको अनुमति, अनुगमन र नियमन।
- भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नाप जाँच, भूमिसुधार, भू-उपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन।
- निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन।

- जग्गा दर्ता, रजिष्ट्रेशन, जग्गाधनी प्रमाण पुर्जा, दाखिल खारेज, स्वामित्व हस्तान्तरण सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन।
- सङ्घीय सरकारबाट प्राप्त हुने नक्सा, भौगोलिक सूचना र अभिलेख तथा प्रदेशभित्रको नापनक्सा र अभिलेखको व्यवस्थापन।
- नाप नक्साका नियन्त्रण विन्दुहरूको स्थापना तथा सञ्चालन।
- क्रमबद्ध कित्ता नापी र भूमि लगत सम्बन्धी मापदण्ड र कार्यान्वयन।
- गरिब घर परिवार पहिचान, भूमिहीन सुकुम्वासी, दलित, मुक्त कमैया, हलिया, हरवा चरवा आदि वर्गको बसोबास, जीविकोपार्जन र पुनः स्थापना सम्बन्धी प्रादेशिक नीति, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन।
- सरकारी जग्गा भाडामा दिन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन।
- सुरक्षित बसोबास र जग्गा एकीकरण सम्बन्धी नीति कार्यान्वयन।
- गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी तथा गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन र सङ्घीय तथा स्थानीय तहसँग समन्वय।
- सहकारी संस्था, सहकारी संघ तथा सहकारी बैंक सम्बन्धी नीति, मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन, अनुमति, नियमन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान।
- सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक मापदण्ड निर्धारण र नियमन।
- सहकारी सम्बन्धमा संघीय, अन्तर प्रादेशिक र स्थानीय तहका संघ संस्थासँग समन्वय र नियमन।
- सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन, क्षमता अभिबृद्धि र परिचालन।

## ३. निकायमा रहने कर्मचारी विवरणः

यस मन्त्रालय अन्तर्गत निर्देशनालय २, कृषि ज्ञान केन्द्र ९, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ९, तालिम केन्द्र २, प्रयोगशाला ५, एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय ३, मत्स्य विकास फार्म १, कुखुरा विकास फार्म १, सहकारी दर्ता अधिकारीको कार्यालय १, सहकारी प्रशिक्षालय १ गरी कुल ३५ वटा कार्यालयहरू रहेका छन्। जसमध्ये साविकका नेपाल सरकारबाट प्रदेश सरकारलाई हस्तान्तरण गरिएका र बाँकी ९ वटा प्रदेश सरकारको निर्णयबाट स्वीकृत भइ स्थापना भएका अस्थायी कार्यालयहरू रहेका छन्। नेपाल सरकारद्वारा स्वीकृत दरबन्दी ४४३ मध्ये ९ वटा अस्थायी कार्यालयहरूका लागि प्रदेश सरकारबाट स्वीकृत अस्थायी दरबन्दी ८२ गरी कूल ५२५ दरबन्दी रहेको छ। जस मध्य यस मन्त्रालयको संगठन संरचना तथा कार्यरत कर्मचारी विवरण देहायबमोजिम रहेको छ;

# कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, राप्ती उपत्यका (देउखुरी), नेपालको संगठन संरचना

## मन्त्री

### प्रदेश सचिव
एघारौं/बाह्रौं (कृषि/समूहकृत नहुने) -१
वरिष्ठ प्रशासन सहायक/अधिकृत (पाचौं/छैठौं) (प्रशासन)– १

### निजि सचिवालय
शाखा अधिकृत/ वरिष्ठ शाखा अधिकृत (सातौं/आठौं) (प्रशासन)-१
वरिष्ठ प्रशासन सहायक/अधिकृत (पाचौं/छैठौं) (प्रशासन)– १

---

### प्रशासन तथा सहकारी विकास महाशाखा
महाशाखा प्रमुख, उप-सचिव/उप निर्देशक/वरिष्ठ उपसचिव/निर्देशक (नवौं/दशौं) (प्रशासन)-१

#### प्रशासन शाखा
- शाखा अधिकृत/ वरिष्ठ शाखा अधिकृत (सातौं/आठौं) (प्रशासन)-१
- वरिष्ठ प्रशासन सहायक/अधिकृत (पाचौं/छैठौं (प्रशासन)-१
- कम्प्युटर अपरेटर/अधिकृत(कम्प्युटर) (पाचौं/छैठौं) (प्रशासन,विविध)– १
- प्रशासन सहायक/वरिष्ठ प्रशासन सहायक चौथौं/पाचौं (प्रशासन)-१
- ह.स.चा. (तहविहिन) -६
- का.स (तहविहिन)-६

#### सहकारी तथा गरिबी निवारण शाखा
- शाखा अधिकृत/ वरिष्ठ शाखा अधिकृत (सातौं/आठौं) (प्रशासन)-१
- वरिष्ठ प्रशासन सहायक/अधिकृत (पाचौं/छैठौं) (प्रशासन) – १
- तथ्याङ्क सहायक/ अधिकृत (तथ्याङ्क) (पाचौं/छैठौं) (प्रशासन/तथ्याङ्क) – १

#### कानुन तथा फैसला कार्यान्वयन शाखा
- कानुन अधिकृत/वरिष्ठ कानुन अधिकृत, सातौं/आठौं (कानुन)-१

#### आर्थिक प्रशासन शाखा
- लेखा अधिकृत/वरिष्ठ लेखा अधिकृत(सातौं/आठौं) प्रदेश (प्रशासन/लेखा)-१
- सहलेखापाल/ लेखापाल चौथौं/पाचौं (प्रशासन, लेखा)-१

### योजना तथा अनुगमन महाशाखा
महाशाखा प्रमुख (मुख्य कृषि अर्थ विज्ञ/वरिष्ठ कृषि अर्थ विज्ञ नवौं/दशौं)(कृषि/एग्री ईको एण्ड मार्केटिङ)-१

#### योजना तथा जनशक्ति शाखा
- शाखा अधिकृत/ वरिष्ठ शाखा अधिकृत (सातौं/आठौं) (प्रशासन)-१
- कृषि योजना अधिकृत/कृषि अर्थ विज्ञ सातौं/आठौं (एग्रि ईको एण्ड मार्केटिङ)-१
- पशु विकास अधिकृत/वरिष्ठ पशु विकास अधिकृत सातौं/आठौं (ला.पो.डे.डे.) -१
- कृषि प्राविधिक/कृषि-अर्थ प्राविधिक अधिकृत पाचौं/छैठौं (एग्रि ईको एण्ड मार्केटिङ)-१

#### अनुगमन तथा मूल्याङ्कन शाखा
- पशु विकास अधिकृत/वरिष्ठ पशु विकास अधिकृत सातौं/आठौं (ला.पो.डे.डे.) -१
- कृषि प्रसार अधिकृत/वरिष्ठ कृषि प्रसार अधिकृत सातौं/आठौं (कृषि प्रसार)-१
- पशु चिकित्सक/वरिष्ठ पशु चिकित्सक सातौं/आठौं (भेटेरिनरी)-१
- कृषि प्राविधिक/कृषि-अर्थ प्राविधिक अधिकृत पाचौं/छैठौं (एग्रि ईको एण्ड मार्केटिङ)-१

#### नीति तथा मापदण्ड शाखा
- शाखा अधिकृत/ वरिष्ठ शाखा अधिकृत (सातौं/आठौं) (प्रशासन)-१
- कृषि योजना अधिकृत/कृषि अर्थ विज्ञ सातौं/आठौं (एग्रि ईको एण्ड मार्केटिङ)-१
- पशु चिकित्सक/वरिष्ठ पशु चिकित्सक सातौं/आठौं (भेटेरिनरी)-१
- पशु विकास अधिकृत/वरिष्ठ पशु विकास अधिकृत सातौं/आठौं (ला.पो.डे.डे.) -१

### खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा
महाशाखा प्रमुख (मुख्य कृषि प्रसार अधिकृत/ कृषि प्रसार निर्देशक (नवौं/दशौं) (कृषि प्रसार)-१

#### खाद्य सुरक्षा प्रवर्द्धन शाखा
- कृषि प्रसार अधिकृत/वरिष्ठ कृषि प्रसार अधिकृत सातौं/आठौं (कृषि प्रसार)-१
- बाली विकास अधिकृत/वरिष्ठ बाली विकास अधिकृत सातौं/आठौं (बाली विकास)-१
- खाद्य अधिकृत/वरिष्ठ खाद्य अधिकृत (सातौं/आठौं) (फुड न्युट्रिसन एण्ड क्वालिटि कन्ट्रोल)-१
- कृषि प्राविधिक/कृषि प्राविधिक अधिकृत पाचौं/छैठौं (कृषि प्रसार) -१

#### कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास शाखा
- कृषि योजना अधिकृत/कृषि अर्थ विज्ञ सातौं/आठौं (एग्रि ईको एण्ड मार्केटिङ)-१
- कृषि प्राविधिक/कृषि प्राविधिक अधिकृत पाचौं/छैठौं (कृषि प्रसार) -१

#### कृषि जैविक विविधता तथा जलवायु परिवर्तन शाखा
- बाली विकास अधिकृत/वरिष्ठ बाली विकास अधिकृत सातौं/आठौं (बाली विकास)-१
- बागवानी प्राविधिक/बागवानी प्राविधिक अधिकृत (पाचौं/छैठौं) (बागवानी)-१

#### खाद्य प्रविधि शाखा
- खाद्य अधिकृत/वरिष्ठ खाद्य अधिकृत (सातौं/आठौं) (फुड न्युट्रिसन एण्ड क्वालिटि कन्ट्रोल)-१
- खाद्य प्राविधिक/खाद्य प्राविधिक अधिकृत (पाचौं/छैठौं) (प्रदेश कृषि, फुड न्युट्रिसन एण्ड क्वालिटि कन्ट्रोल)-१

### पशुपन्छी विकास महाशाखा
महाशाखा प्रमुख, मुख्य पशु विकास अधिकृत/ पशु विकास निर्देशक (नवौं/दशौं) (ला.पो.डे.डे)-१

#### पशुपन्छी उत्पादन तथा तथ्याङ्क व्यवस्थापन शाखा
- पशु विकास अधिकृत/वरिष्ठ पशु विकास अधिकृत सातौं/आठौं (ला.पो.डे.डे.) -१
- पशु सेवा प्राविधिक/ पशु सेवा अधिकृत पाचौं/छैठौं .(ला.पो.डे.डे)-१

#### पशु स्वास्थ्य तथा नियमन शाखा
- पशु चिकित्सक/वरिष्ठ पशु चिकित्सक सातौं/आठौं (भेटेरिनरी)-१
- पशु सेवा प्राविधिक/ पशु सेवा अधिकृत पाचौं/छैठौं .(ला.पो.डे.डे)-१
- पशु स्वास्थ्य प्राविधिक/ पशु स्वास्थ्य अधिकृत पाचौं/छैठौं (भेटेरिनरी )-१

#### पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखा
- पशु विकास अधिकृत/वरिष्ठ पशु विकास अधिकृत सातौं/आठौं (ला.पो.डे.डे.) -१
- पशु चिकित्सक/वरिष्ठ पशु चिकित्सक सातौं/आठौं (भेटेरिनरी)-१
- पशु सेवा प्राविधिक/ पशु सेवा अधिकृत पाचौं/छैठौं .(ला.पो.डे.डे)-१

### भूमि व्यवस्था महाशाखा
महाशाखा प्रमुख, उप-सचिव/उप निर्देशक/वरिष्ठ उपसचिव/निर्देशक (नवौं/दशौं) (प्रशासन)-१

#### जग्गा प्रशासन शाखा
- शाखा अधिकृत/ वरिष्ठ शाखा अधिकृत (सातौं/आठौं) (प्रशासन)-१
- वरिष्ठ प्रशासन सहायक/अधिकृत (पाचौं/छैठौं) (प्रशासन)– १

#### भूमिसुधार शाखा
- शाखा अधिकृत/ वरिष्ठ शाखा अधिकृत (सातौं/आठौं) (प्रशासन)-१
- वरिष्ठ प्रशासन सहायक/अधिकृत (पाचौं/छैठौं) (प्रशासन)– १

#### बसोबास व्यवस्थापन शाखा
- शाखा अधिकृत/ वरिष्ठ शाखा अधिकृत (सातौं/आठौं) (प्रशासन)-१
- वरिष्ठ प्रशासन सहायक/अधिकृत (पाचौं/छैठौं) (प्रशासन)– १

### भूमिस्रोत नक्साङ्कन महाशाखा
महाशाखा प्रमुख, डिभिजनल नापी अधिकृत/सिनियर डिभिजनल नापी अधिकृत (नवौं/दशौं) (ईन्जिनियरिङ/सर्भे)-१

#### भौगोलिक सूचना भू. सूचना प्रणाली तथा भू उपयोग योजना शाखा
- नापी अधिकृत/वरिष्ठ नापी अधिकृत (सातौं/आठौं), (ईन्जिनियरिङ/सर्भे)-१
- सर्वेक्षक/ प्राविधिक अधिकृत (पाचौं/छैठौं) (ईन्जिनियरिङ/सर्भे)-१

#### भू. सूचना प्रविधि शाखा
- नापी अधिकृत/वरिष्ठ नापी अधिकृत (सातौं/आठौं), (ईन्जिनियरिङ/सर्भे)-१
- कम्प्युटर ईन्जिनियर/वरिष्ठ कम्प्युटर ईन्जिनियर सातौं/आठौं (ईन्जिनियरिङ/कम्प्युटर)-१
- कम्प्युटर अपरेटर/अधिकृत(कम्प्युटर) (पाचौं/छैठौं) (प्रशासन,विविध)– १

यस मन्त्रालयमा कार्यरत कर्मचारी विवरण देहाय बमोजिमका रहेको छ।

| क्र.स. | कर्मचारी नाम | पद | फोन नं. |
|---|---|---|---|
| १ | डा. जानुका पण्डित | प्रदेश सचिव | ९८५७०७२२३० |
| २ | श्री हरि प्रसाद पण्डित | कृषि अर्थ निर्देशक | ९८५१२४०८४० |
| ३ | श्री मञ्जु पाण्डेय | उप सचिव | ९८५८०४८५३१ |
| ४ | डा. सुबास बेल्बासे | मुख्य पशु विकास अधिकृत | ९८६७२०८४५७ |
| ५ | श्री अनिश श्रेष्ठ | वरिष्ठ कृषि प्रसार अधिकृत (आठौं) | ९८५७०८२४७४ |
| ६ | डा. यज्ञ अधिकारी | पशु विकास अधिकृत | |
| ७ | श्री रोशनी साह | कानुन अधिकृत | ९८४०३०२२३३ |
| ८ | श्री तुल्सी राम सुवेदी | शाखा अधिकृत | ९८६८९९४७८८ |
| ९ | डा. तिलक पोखेल | मत्स्य प्राविधिक अधिकृत | ९८४७९७०३२३ |
| १० | श्री कवि सिंह कठायत | नापी अधिकृत | ९८५११८८८८४ |
| ११ | श्री चेत बहादुर के.सी. | अधिकृत (लेखा) | ९८५७०५१५९२ |
| १२ | श्री विष्णु डाँगी | नापी अधिकृत | ९८६७१९११८७ |
| १३ | श्री निम कुमार आचार्य | पशु विकास अधिकृत | ९८४७२४२६२५ |
| १४ | श्री पदम राज आचार्य | कम्प्युटर (अधिकृत) | ९८५७०४५१५७ |
| १५ | श्री विक्रम पौडेल | खाद्य प्रविधिक | ९८०८६९५५५३ |
| १६ | श्री जनक भुषाल | प्राविधिक सहायक | ९८६३०४२४९२ |
| १७ | श्री दयाराम चौधरी | पशु सेवा प्रावधिक | ९८५७८४००६८ |
| १८ | श्री सरस्वती सुवेदी | कम्प्युटर अपरेटर | ९८६७११४२२ |
| १९ | श्री तौलेश्वर लोनिया | ह.स.चा. | ९८६६१५८५८८ |
| २० | श्री कृष्ण प्रसाद पौडेल | ह.स.चा. | ९८४४७१३९०० |
| २१ | श्री रेमलाल पाण्डे | ह.स.चा. | ९८४७०२४७४२ |
| २२ | श्री नारायण अधिकारी | ह.स.चा. | ९८६७०२७४२० |
| २३ | श्री माया खनाल | का.स. | ९८४४७०१८२५ |
| २४ | श्री विष्णु प्रसाद वेल्वासे | का.स. | ९८४७३२४२३१ |
| २५ | श्री रमेश बहादुर खत्री | का.स. | ९८४७१०४५८९ |
| २६ | श्री आशा चौधरी | का.स. | ९८०७४६०६०८ |
| २७ | श्री जय बुढा | का.स. | ९८६७०८६१८६ |
| २८ | श्री संगिता खनाल | का.स. | ९८६३१२५२३८ |
| २९ | श्री खिम बहादुर खत्री | इलेक्ट्रिसियन | ९८०८८८२५४८ |

## ४. सेवा र शाखा सम्बन्धी विवरण

| सि.नं. | प्रदान गरिने सेवाहरू | पेस गर्नुपर्ने कागजातहरू | सेवा प्राप्त गर्न लाग्ने समय | सम्बन्धित शाखा | लाग्ने दस्तुर |
|---|---|---|---|---|---|
| १ | बजेट तथा कार्यक्रम सम्बन्धी जानकारी | निवेदन र पुस्टयाँइ हुने कागजात प्रमाण | ७ दिन | योजना तथा अनुगमन महाशाखा | निःशुल्क |
| २ | सञ्चालित कार्यक्रमहरूको अनुगमन, मूल्याङ्कन एवं प्रगति विवरण | निवेदन र पुस्टयाँइ हुने कागजात प्रमाण | ७ दिन | योजना तथा अनुगमन महाशाखा | निःशुल्क |
| ३ | कृषि तथ्याङ्क संकलन, विश्लेषण, अद्यावधिक एवं सम्प्रेषण | निवेदन र पुस्टयाँइ हुने कागजात प्रमाण | १५ दिन | योजना तथा अनुगमन महाशाखा | निःशुल्क |
| ४ | नीतिगत व्यवस्था सम्बन्धमा जानकारी र पृष्ठपोषण (कृषि, पशुपन्छी, मत्स्य, भूमि, सहकारी) | निवेदन, प्रस्तावना र सो पुष्टि हुने फाराम दस्तावेज | निवेदन प्राप्त हुन साथ | योजना तथा अनुगमन महाशाखा | निःशुल्क |
| ५ | सरकारी, गैरसरकारी र निजी निकायहरू समन्वय सम्बन्धी जानकारी | निवेदन, प्रस्तावना र सो पुष्टि हुने फाराम दस्तावेज | निवेदन प्राप्त हुन साथ | योजना तथा अनुगमन महाशाखा | निःशुल्क |
| ६ | कृषि प्रविधि विस्तार, सेवा सम्बन्धी जानकारी (कृषि, पशुपन्छी, मत्स्य, भूमि) | निवेदन, प्रस्तावना र सो पुष्टि हुने फाराम दस्तावेज | निवेदन प्राप्त हुन साथ | खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा | निःशुल्क |
| ७ | रासायनिक मलको आपूर्ति तथा बिक्री वितरण सम्बन्धी जानकारी | निवेदन र पुस्टयाँइ हुने कागजात प्रमाण | १५ दिन | खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा | नियमानुसार |
| ८ | प्रदेश कार्यविभाजन नियमावली २०८१ बमोजिम भूमि, नापी, भूमिहिन व्यवस्थापन तथा गुठि व्यवस्थापन सम्बन्धी कार्य | नियमानुसार | नियमानुसार | भूमि व्यवस्था/भूमिस्रोत नक्साकंन महाशाखा | नियमानुसार |
| ९ | खर्च भुक्तानी सम्बन्धी जानकारी | निवेदन र पुस्टयाँइ हुने कागजात प्रमाण | ७ दिन | आर्थिक प्रशासन शाखा | निःशुल्क |
| १० | मातहतका कार्यालयहरूबाट सम्परीक्षणका लागि पेश भएको फाइल स्वीकृत/अस्वीकृत | सम्परीक्षणका लागि तयार भएको सक्कल टिप्पणी फाइल | ७ दिन | आर्थिक प्रशासन शाखा | निःशुल्क |
| ११ | प्रकाशित वार्षिक प्रगति प्रतिवेदन तथा अन्य प्राविधिक प्रकाशनहरू वितरण | निवेदन र पुस्टयाँइ हुने कागजात प्रमाण | निवेदन प्राप्त हुन साथ | प्रशासन तथा सहकारी विकास महाशाखा | निःशुल्क |
| १२ | मन्त्रालय र मातहतका कार्यालयमा कार्यरत कर्मचारी सम्बन्धी विवरण | निवेदन र पुस्टयाँइ हुने कागजात प्रमाण | ७ दिन | प्रशासन तथा सहकारी विकास महाशाखा | निःशुल्क |
| १३ | प्रदेश कार्यविभाजन नियमावली २०८१ बमोजिम सहकारी सम्बन्धी कार्य | नियमानुसार | नियमानुसार | प्रशासन तथा सहकारी विकास महाशाखा | नियमानुसार |

| सि.नं. | प्रदान गरिने सेवाहरू | पेस गर्नुपर्ने कागजातहरू | सेवा प्राप्त गर्न लाग्ने समय | सम्बन्धित शाखा | लाग्ने दस्तुर |
|---|---|---|---|---|---|
| १४ | प्रशासनिक जानकारी एवं अन्य सेवा | निवेदन र पुस्टयाँइ हुने कागजात प्रमाण | निवेदन प्राप्त हुन साथ | प्रशासन तथा सहकारी विकास महाशाखा | नि:शुल्क |

लुम्बिनी प्रदेश सरकार
भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

**५. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः** यस मन्त्रालयबाट प्रदान गरिने प्राविधिक सेवामा कुनै दस्तुर लाग्दैन र सम्बन्धित शाखाबाट तुरुन्त उपलब्ध हुनेछ।

**६. निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

- कार्यालय सञ्चालन सम्बन्धी निर्णय प्रचलित नियमको अधिनमा रहि प्रदेश सचिव वा आवश्यकता अनुसार कार्यालय बैठकबाट ।
- अन्य निर्णय प्रचलित नियमले निर्दिष्ट गरे बमोजिमको प्रकृया र पदाधिकारीबाट ।

**७. निर्णय उपर उजुरी सुन्ने अधिकारीः** मञ्जु पाण्डे, उपसचिव, प्रशासन तथा सहकारी विकास महाशाखा ।

**८. सम्पादन गरेको कामको विवरणः** यस मन्त्रालय तथा मातहतका कार्यालयद्वारा चालू आ.व. मा हाल सम्म सम्पादन गरिएका महत्त्वपूर्ण कार्य देहाय बमोजिम रहेका छन्;

**(क) कृषि तर्फ**

| क.सं. | कार्यक्रमको नाम | आ.व. २०८२/८३ को उपलब्धि |
|---|---|---|
| १ | बाली वस्तु विशेष सघन व्यवसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम | ५६५.१३ हे.क्षेत्रफलमा स्याउ, आलु, सुन्तला, धान, तोरी, तरकारी बालीहरुको उत्पादन प्रवर्द्धन सम्बन्धि क्रियाकलापबाट ११५६ ओटा घरपरिवार लाभान्वित भएका |
| २ | सिंचाई सहित कृषि विकास कार्यक्रम | कुलो निर्माण, स्यालो ट्युब वेलपम्प सेट सिंचाइ, डिप बोरिङ्ग सिंचाइ, सिमेन्टेड टङ्की सिँचाइ र अन्य सिँचाइ (थोपा सिँचाइ, पाइप सिँचाइ, मोटर) सिँचाइ योजनाबाट १२७७.७ हे. क्षेत्रफलमा सिंचाई सुविधा विस्तार |
| ३ | माटो व्यवस्थापन कार्यक्रम | भर्मी कम्पोष्ट, गड्यौला र कल्चर, माटो परिक्षण, ढैंचा वीउ वितरण, कृषि चुन वितरण, जैविक तथा प्रांगारिक मल वितरण, ड्रम, तालिम आदि कार्यक्रम संचालन |
| ४ | वीउ उत्पादन कार्यक्रम | विभिन्न बालीहरुको प्रजनन वीउ ६ हे, मूल वीउ १२६.३४ हे., प्रमाणित वीउ २७.१२ गरी जम्मा १९९.८ हे. मा वीउ उत्पादन कार्यक्रम संचालन, वीउ उत्पादन ६१७.६ मे.ट. |
| ५ | लक्षित समुदाय विशेष आयआर्जन कार्यक्रम | लक्षित वर्गहरुलाई आयआर्जनमा सहयोग पुर्याउन मौसमी तथा बेमौसमी तरकारी खेति, च्याउ उत्पादन, सिंचाई क्षेत्र विस्तार गरी उत्पादन वृद्धि गर्न सहयोग, कुल २४० हे. क्षेत्रफत विस्तार भई ६३३९ घरधुरी लाभान्वित भएका |
| ६ | बालीबस्तु प्रवर्द्धन कार्यक्रम | अकबरे खुर्सानी, कुरिलो, वर्षे आलु, तरकारी, किवी, उखु, रैथाने बालीजस्ता बालीबस्तु प्रवर्द्धनका क्रियाकलापहरु संचालित भई ५३ हे. क्षेत्रफलमा ७१८ मे.ट उत्पादनको अनुमान, लाभान्वित घरधुरी ७३७ |
| ७ | ब्लक विकास कार्यक्रम | मकै र केरा ब्लक संचालनबाट ७०९ घरधुरी लाभान्वित, २६८ हे. क्षेत्रफलमा लगाईएको |
| ८ | फलफूल बिरुवा वितरण | करिब ४० हे. क्षेत्रफलमा विभिन्न फलफूल बिरुवा वितरण भई क्षेत्र विस्तार भएको |
| ११ | फलफूल बगैंचा सुदृढिकरण | पुराना ६४ हे. क्षेत्रफलमा रहेका फलफूल बगैंचाहरुमा काँटछाँट, बोर्डोपेष्ट तथा बोर्डोमिश्रण लगाउने तथा अन्य प्राविधिक सहयोग मार्फत बगैंचा सुधार गरिएको, जसबाट ३७० घरधुरी लाभान्वित |

(ख) पशुपन्छी तथा मत्स्य विकास तर्फ

| क्र.सं. | कार्यक्रमको विवरण | इकाई | मुख्य मुख्य उपलब्धीहरु |
|---|---|---|---|
| १ | पशुपन्छी उपचार सेवा | पशु संख्या | १०३३१९१ |
| २ | प्रयोगशाला सेवा | संख्या | २९४५० |
| ३ | पशुपन्छी खोप सेवा | संख्या | २६७५८२८ |
| ४ | कृत्रिम गर्भाधान सेवा | पशु संख्या | ९५८३४ |
| ५ | कुकुरमा Spaying/ Neutering कार्यक्रम | संख्या | २६०९ |
| ६ | पशुपन्छी तथा मत्स्य स्वास्थ्य शिविर | पशु संख्या | ८६५१४ |
| ७ | व्यवसायिक पशुपन्छी फार्ममा विज्ञ सहितको प्राविधिक सेवा | फार्म संख्या | १०५५ |
| ८ | राजश्व संकलन विवरण | रकम रु. | १८७०४५४४ |
| ९ | पोषण सुधारका लागि ग्रामिण कुखुरापालन कार्यक्रम | चल्ला संख्या | ३७२०० |
| १० | Door To Door कार्यक्रम | पशु संख्या | १८७६ |
| ११ | FMD खोप सेवा | संख्या | १०१३७०८ |

**(ग) सहकारी तर्फ**

| क्र.सं. | विवरण | उपलब्धी |
|---|---|---|
| १ | कुल शेयर सँख्या | ७८६१९८ जना |
| २ | कुल बचत | ८८२५ करोड |
| ३ | कुल ऋण लगानी | ७०३२ करोड |
| ४ | सहकारी संघ/संस्थाको संसोधित विनियम स्वीकृत | २१ वटा |
| ५ | सहकारी संघ/संस्थाको पूनर्लेखन विनियम स्वीकृत | १० वटा |
| ६ | सहकारी संघ/संस्थाको एकीकरण | १ वटा |
| ७ | उजुरी परेको संघ/संस्थाहरुको स्थलगत अनुगमन, निरिक्षण तथा अनुगमन एवम् कारबाहीको लागि सम्बन्धित निकायमा सिफारिस | ७ वटा |
| ८ | प्रदेश/जिल्ला विषयगत सहकारी संघहरुको कार्य सम्पादन तथा चुनौती विषयक अन्तरक्रिया तथा छलफल कार्यक्रम | १७ सहकारी संघहरुको सहभागीता |

**समस्यामा परेका सहकारी संस्था र कार्यालयले गरेको पहल**

| क्र.सं. | कारबाहीको अवस्था | संख्या |
|---|---|---|
| १ | अदालतमा मुद्दा दायर भई कारबाही अगाडि बढेको | ८ |
| २ | दुवै पक्षलाई राखेर छलफल गरी बचत फिर्ताको लागि सम्झौता गराइएको | ८ |
| ३ | थप अनुसन्धान तथा कारबाहीखो लागि प्रहरीलाई लेखि पठाइएको | १६ |
| ४ | अदालतबाट मुद्दा फैसला भई रकम असुलीको प्रक्रियामा रहेको | ३ |
| ५ | सञ्चालक समितिको निवेदन पश्चात स्थलगत अध्ययन गरी प्रतिवेदन प्राप्त | २ |
| | **जम्मा** | **२७** |

**भूमि तर्फ**

क. भूमि व्यवस्थापनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८३ को मस्यौदा तथा तर्जुमा गरी मन्त्रिपरिषदमा पेश गर्ने गरि तयार गरिएको ।

ख. भूमिहिन दलित, भुमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोबासी र मुक्त कमैया तथा मुक्त कम्लहरीको पुर्नस्थापना गर्न नीतिगत व्यवस्था गर्ने विषयमा राय सुझाबको लागि अन्तरक्रिया गरियो।

ग. बागवानी स्रोतकेन्द्रको जग्गाको सिमाना छुट्टाउने कार्य गरियो।

घ. पहाडी फलफूल स्रोतकेन्द्र स्थापनाको लागि जग्गा प्रशासनको दृष्टिले सम्भाव्यवता अध्ययन गर्ने कार्य गरियो।

## ९. सूचना अधिकारी र प्रमुखको नाम र पदः

**सूचना अधिकारी**

अनिश श्रेष्ठ, बरिष्ठ कृषि प्रसार अधिकृत

सम्पर्क नम्बरः ९८५७०५३७१७

**प्रवक्ता**

हरि पण्डित, कृषि अर्थ निर्देशक, योजना तथा अनुगमन महाशाखा प्रमुख

**प्रदेश सचिव**

डा. जानुका पण्डित, प्रदेश सचिव

सम्पर्क नम्बरः ९८५७०७२२३०

## १०. ऐन, नियम, विनियम, निर्देशिकाको सूची

- सहकारी संस्थाको वार्षिक साधारण सभा (कार्यव्यवस्था) निर्देशिका, २०८२
- व्यावसायिक गाईभैंसी फार्मले अवलम्बन गर्न पर्ने पशु कल्याण सम्बन्धी मापदण्ड, २०८०
- स्थानीय तहहरूमा कार्यरत करार प्राविधिक कर्मचारी परिचालन विधि, २०८०
- प्रदेश सहकारी (दोस्रो संशोधन) नियमावली, २०७८
- शुलभ कर्जा सहजकर्ता सहजीकरण तथा ब्याजमा अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ (पहिलो संसोधन २०७७)
- प्रदेश सहकारी ऐन, २०७६
- मल ऐन, २०७५
- दाना पदार्थ ऐन, २०७५
- पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०७५

## ११. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः

आ.व. २०८२।८३ मा यस मन्त्रालय र मातहतका कार्यालयबाट चौथो त्रैमासिकको अन्त्य सम्म भएको खर्चको अवस्था देहायबमोजिम रहेको छ;

| विवरण | विनियोजन (रकम रु. लाखमा) | | | खर्च (रकम रु. लाखमा) | | | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | चालू | पूँजीगत | जम्मा | चालू | पूँजीगत | जम्मा | |
| कूल विनियोजन | १३८९०.५ | ११५७ | १५०४७.५ | ७८९३.२५ | ६९७.०३ | ८५९०.२७ | ५७.०९ |

## १२. अघिल्लो आ.व. मा सञ्चालित कार्यक्रमको विवरण

| क.सं | कार्यक्रम | प्रमुख उपलब्धीहरु |
|---|---|---|
| १ | सिंचाइ सहित कृषि विकास कार्यक्रम | यस कार्यक्रम अन्तर्गत ९७२ वटा साना सिंचाईका आयोजनाहरु सम्पन्न भएका छन्। थप ८३८.१४ हे. सिंचित क्षेत्रफल विस्तार भएको। |
| २ | सिंचाई आयोजनाको कमाण्ड क्षेत्रमा बाली सघनता बृद्धी कार्यक्रम | २२१.६५ हे क्षेत्रफलमा कार्यक्रम सञ्चालन । बसन्ते मकै (२१३.५ हे), मुङ (३.७५हे), मास (५ हे) र चैतेधान (१.२ हे) खेतीका लागि बीउ वितरण भई बाली सघनता बृद्धिमा सहयोग पुगेको । |

| | | |
|---|---|---|
| ३ | बाली बस्तु विशेष सघन व्यावसायिक उत्पादन क्षेत्र विकास कार्यक्रम | यस कार्यक्रम अन्तर्गत कृषितर्फ ९ वटा थप व्यवसायिक उत्पादन क्षेत्र (क्लष्टर) विकास भएको। पशुपन्छीतर्फ १५ वटा थप व्यवसायिक उत्पादन क्षेत्र (क्लष्टर) विकास भएको। कृषकमाझ आधुनिक प्रविधिको प्रयोग विस्तार भई उत्पादकत्वमा करिब १० प्रतिशत बृद्धि भएको। |
| ४ | बीउविजन प्रबर्द्धन, नियमन तथा प्रयोगशाला सेवा | गुणस्तरीय बीउ उत्पादनका लागि खेत निरीक्षण तथा प्रयोगशालामा परीक्षण गरी नियमनलाई व्यवस्थित गरिएको छ ।बीउ उत्पादकहरुलाई जम्मा रकम रु. २५ लाख १० हजार प्रोत्साहन अनुदान उपलब्ध गराईएको छ। बीउ बजारिकरणमा सहजिकरण गरिएको।<br>गुणस्तरीय बीउ उपलब्धताका लागि बीउ बिजन प्रयोगशाला खजुरा र भैरहवाबाट ५६१४ हे बीउबाली खेत निरिक्षण र २०६० नमुना परिक्षण गरी ८८६.४४५ मे.ट. बीउ प्रमाणीकरण गरिएको। |
| ५ | शुलभकर्जा सहजीकरण तथा व्याजमा अनुदान कार्यक्रम | यस कार्यक्रम अन्तर्गत ७१ आयोजनाहरुको लागि जम्मा रकम रु. ३८१३६१३.६६ कृषि ऋणमा व्याज अनुदान वापत उपलब्ध गराईएको।यसबाट कृषि उद्यम स्थापना तथा सञ्चालन गर्न सहयोग पुगी कृषि व्यवसायिकरणमा सहयोग पुगेको। |
| ६ | कृत्रिम गर्भाधान सेवा कार्यक्रम | जातीय वंश सुधार मार्फत् पशुबस्तुको उत्पादकत्व बृद्धि गर्न कुल ८८४११ पशुवस्तुहरुमा कृत्रिम गर्भाधान सेवा उपलब्ध गराईएको छ। |
| ७ | पशुपन्छीमा लाग्ने संक्रामक रोगहरूको रोकथाम तथा नियन्त्रणका लागि खोप सेवा कार्यक्रम | यस कार्यक्रम अन्तर्गत पशुपन्छीमा लाग्ने खोरेत (FMD), रेविज, स्वाईन फिभर, पि.पि.आर, रानीखेत, डिस्टेम्पर, लम्पी स्किन, एच.एस.वि.क्यू र कोरोना जस्ता संक्रामक रोगहरुको रोकथाम तथा नियन्त्रणका लागि कुल जम्मा २६,१६,०८० खोप लगाईएको छ। |
| ८ | पशुपन्छी उपचार सेवा | यस कार्यक्रम अन्तर्गत ४,१९,११२ पशुवस्तुलाई उपचार सेवा उपलब्ध भएको छ।यसमा मेडिकल उपचार, सर्जिकल उपचार, गाईनोकोलोजिल उपचार लगायत परिजिवी नियन्त्रण गरिएको छ। |
| ९ | प्रतिफलमा आधारित प्रोत्साहन अनुदान | यस कार्यक्रम २१५ समूह, सहकारी तथा निजी फर्म मार्फत दुध, मासु र अण्डा उत्पादनमा संलग्न कृषकहरुलाई रु ४ करोड ९९ लाख प्रोत्साहन अनुदान उपलब्ध गराईएको।<br>यसबाट २३०४९ कृषकहरु लाभान्वित भएको । |
| १० | सामुदायिक तथा घरपालुवा कुकुर बन्ध्याकरण तथा भ्याक्सिनेसन कार्यक्रम | यस कार्यक्रम अन्तर्गत सामुदायिक कुकुरहरुको संख्या नियन्त्रण गरी प्राणघातक रेविज रोग नियन्त्रण गर्न २६८९ वटा कुकुरहरुको बन्ध्याकारण तथा भ्याक्सिनेसन गरिएको छ। |
| ११ | पशु बाझोपन निवारण(Door to Door) सेवा | डोर टू डोर कार्यक्रमबाट १७५८ वटा दुधालु पशुहरुमा बाँझोपन निवारण सेवा गरिएको।यस कार्यक्रमबाट पशुबस्तुहरुमा हुने बाँझोपन निवारण भई उत्पादनशील बनाउन मद्दत पुग्दछ। |
| १२ | कुखरा विकास फार्मबाट गुणस्तरीय चल्ला उत्पादन तथा वितरण | चालु आ.व.मा स्थानीय साकिनी, घाँटी खुईले, प्वाख उल्टे, बल्याक अस्ट्रालोप र न्यू ह्याम्पसायर जातका १,७७,५०० गोटा गुणस्तरीय चल्ला र २,६१,३२५ गोटा अण्डाको विक्रिबाट जम्मा राजस्व रकम रु. १ करोड २६ हजार ६२७ रुपैया संकलन भएको। पोषण सुधारका लागि ग्रामीण कुखुरा वितरण कार्यक्रम अन्तर्गत करिब ३००० कृषकहरु लाभान्वित भएको।<br>यसबाट स्थानीय जातका कुखुरा संरक्षण र प्रबर्द्धनमा समेत सहयोग पुगेको। |
| १३ | मत्स्य विकास फर्मबाट गुणस्तरीय भुरा उत्पादन तथा | मत्स्य विकास केन्द्र, बाँकेबाट चालु आ.व.मा २ करोड ७२ लाख ३७ हजार ५२४ गोटा गुणस्तरीय ह्याचलिङ्ग, फ्राई र फिङ्गरलिङ्ग उपलब्ध |

लुम्बिनी प्रदेश सरकार
भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), दाङ

| | | |
|---|---|---|
| | वितरण | गराईएको जसबाट जम्मा राजस्व रकम रु ३३ लाख १४ हजार ४ सय रुपैया संकलन भएको। यसले माछाको उत्पादन तथा उत्पादकत्व बढाउन सहयोग पुगेको।<br>यसबाट ७१९ कृषकहरु लाभान्वित भएको। |
| १४ | सरकारी बागबानी श्रोत केन्द्रका लागि जग्गा प्राप्ती | सरकारी बागबानी श्रोत केन्द्र स्थापनाका लागि कपिलबस्तु जिल्लाको कृष्णनगर नगरपालिका वडा नं ९, बहादुरगंजमा ८ विगाह १० कठ्ठा ९ धुर पर्ति जग्गा लुम्बिनी प्रदेश सरकारलाई उपयोगका लागि प्राप्त भएको। |
| १५ | सहकारीहरुको PEARLS तथा MCI विधिवाट कार्यसम्पादन मूल्याङ्कन | प्रदेश नियमन क्षेत्रभित्र रहेका ८४८ सहकारी संस्थाहरु मध्ये २२६ वटा सहकारीहरुको PEARLS तथा MCI विधिवाट कार्यसम्पादन मूल्याङ्कन तथा अभिमूखीकरण भएको। |
| १६ | क्षमता अभिवृद्धि | कृषक, कर्मचारी तथा सहकारी संस्थाहरुका कर्मचारी र समितिका सदस्य गरी १४११ जनाको क्षमता अभिवृद्धि गरिएको । |

## १३. सूचना माग र सूचना प्रदानसम्बन्धी विवरण

यस अवधिमा इमेल तथा भौतिक रुपमा उपस्थित भई माग भएका सूचनाहरु प्रचलित कानुनको अधिनमा रहि आधिकारिक माध्यमबाट उपलब्ध गराइएको छ।

## १४. कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको सम्पर्क विवरणः

वेबसाइटः https://molmac.lumbini.gov.np/

ई-मेलः molmac.butwal@gmail.com

प्रकाशित मितिः २०८३।०४।१५ गते

लुम्बिनी प्रदेश सरकार
भूमि व्यवस्था तथा सहकारी मन्त्रालय